# १६ औं EWER त्रैमासिक प्रतिवेदन

## जनवरी – मार्च, २०१९

### पृष्ठभूमि

यो प्रतिवेदनले, देशको बिभिन्न भागमा नागरिक अधिकारको अवस्था कस्तो छ, स्थानीय राजनीतिक, सामाजिक अथवा स्रोत-साधनको परिचालनको बिषयमा द्वन्द्वका संभावना र आयाम के कस्ता छन्, भन्ने बारे जानकारी/पूर्वसूचना दिने कोशिस गरेको छ। नेपालको राज्य पूर्नसंरचनाका आधारमा सातवटै प्रदेशमा रहेका ७ जना प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा नेपालको ७ वटै प्रदेशमा घटेका प्रमुख घटना र सम्बन्धित जानकारी समेटेर यो प्रतिवेदन तयार पारिएको हो। २०१९ को जनवरीदेखि मार्च महिनासम्मका हामीलाई उपलब्ध जानकारी यस प्रतिवेदनमा समेटिएका छन्। सुशासन, सामाजिक एकता/तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच र भूकम्प लगायतका विपद्पछिको राहत/सहयोग वितरण सम्बन्धी चुनौती/द्वन्द्व शीर्षकमा सूचना संकलन गरिएको थियो। यहाँ यी विभिन्न शीर्षकमा प्राप्त जानकारी बारे विश्लेषण तथा चर्चा गरिएको छ।

### सारांश

- **बिगतमाझै यस त्रैमासिक अवधिमा पनि भ्रष्टाचारको गतिबिधिहरु व्यापक रुपमा भएको पाईयो। प्रदेश सरकार र स्थानीय सरकार मातहतका ठाउँमा भएका भ्रष्टाचार र अनियमितताले बढीनै चर्चा पायो। अख्तियार दूरुपयोग अनुसन्धान आयोगमा परेका उजुरी र आयोगबाट सार्वजनिक भएका प्रतिवेदनहरुका आधारमा यस अवधिमा स्थानीय तहमा बढी भ्रष्टाचार भएको र कार्वाहीको अवस्था पनि तिनै निकायहरुमा बढी भएको देखियो। मालपोत, भूमिसुधार कार्यालय लगायतका निकायमा पनि भ्रष्टाचारको आरोपमा कर्मचारीहरु कार्वाहीमा परेको पाईयो।**
- **भ्रष्टाचारको मुद्दा मिलाईदिने भन्दै अख्तियार दूरुपयोग अनुसन्धान आयोगका आयुक्त राजनारायण पाठकद्वारा भएको पदीय दूरुपयोगको बिषयले यस अवधिमा निकै चर्चा पायो। भ्रष्टाचार बिरुद्ध कार्वाही गर्ने निकायकै पदाधिकारीको यस कार्यले आयोगप्रतिको बिश्वसनीयतामा समेत गंभीर चिन्ता र चासो बढाएको देखियो।**
- **प्रदेश नं. १ र सुदूरपश्चिम प्रदेशका कतिपय स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु नहुँदा स्वास्थ्य सेवा नै प्रभावित हुन पुग्यो। त्यसैगरी, स्वास्थ्य निकायमा औषधी र उपकरणको अभावले बिरामीहरुले प्रभावकारी सेवा पाउन नसकेको गुनासो यस अवधिमा पनि पाईयो। कतिपय ठाउँमा बिरामीले ज्यान समेत गुमाउनु परेको देखियो। कतिपय स्थानीय तह र प्रदेश सरकारले यस अवधिमा स्वास्थ्यमा सुलभ र सहज पहूँचका लागि सकारात्मक निर्णय समेत गरेको पाईयो।**
- **बिगतमाझै यस अवधिमा पनि महिलामाथि हुने हिंसा र महिला सुरक्षाका सवाल प्रमुख चूनौतीका रुपमा रह्यो। यस अवधिमा प्रमुख रुपमा बलात्कार, यौनजन्य दुर्व्यवहार, कथित बोक्सीको आरोपमा अमानवीय कार्य, मानव बेचबिखन, छाउपडी, घरेलु हिंसा, लगायत घर झगडामा कुटपिट गरि हत्या गरिने लगायतका घटना निरन्तर रुपमा घटिरहे।**
- **अर्द्धभूमिगत भई हिंसात्मक स्वरुपमा राजनीतिक आन्दोलन चर्काउँदै लगेको नेत्रविक्रम चन्द नेतृत्वको संगठनलाई सरकारले प्रतिबन्ध लगाएसँगै सो संगठनले गाउँकेन्द्रित आफ्ना गतिविधिलाई तीव्रता दिन थालेको पाईयो। प्रतिबन्धपछिका दिनहरुमा सो संगठनका कार्यकर्ताहरुले जिल्लास्थित स्थानीय तहका वडाध्यक्ष लगायत जनप्रतिनिधिहरुसँग चन्दा माग्ने, नदिए कारवाहीको धम्की दिई त्रसित बनाउने जस्ता कार्यले जनजीवन समेत भयभीत हुन थालेको छ भने प्रहरीले पनि उक्त संगठनका कार्यकर्ताहरुको गिरफ्तारीलाई तिव्रता दिन थालेको छ। घटनाका यस्ता स्वरुपहरु पछिल्लो समयमा सातवटै प्रदेशमा देखिए।**
- **ठेक्का सम्झौताको समयावधि समाप्त भई थप गरिएको समयमा समेत सेवा प्रदायक कार्यालयहरुको भवन र सडकहरुको निर्माण कार्य पूरा नहुँदा एकातिर बिकासको काम नै प्रभावित हुदै आएको छ भने अर्कोतर्फ कार्वाहीको प्रकिया समेत शसक्त ढंगले अगाडि बढन सकेको छैन। यस त्रैमासिक अवधिमा प्रदेश नं. १ को उदयपुरमा तोकिएको समयमै कार्य सम्पन्न गर्न माँग गर्दै चक्काजाम समेत गरेको पाईयो।**

- **बिगतमाझैं यस अवधिमा पनि बस्ती नै जोखिममा पर्ने गरि खोलानालाबाट अवैध रुपमा ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थहरु तिव्र रुपले उत्खनन् र निकासी गर्ने कार्य भएको पाईयो । नदीजन्य क्षेत्रबाट अवैध रुपमा उत्खनन् हुन नदिन स्थानीयले प्रशासनमा अवगत गराउँदा समेत त्यसतर्फ निकायले खासै ध्यान नदिएको स्थानीयको आरोप रहयो ।**
- **यातायातको अधिक असुविधा झेल्दै आएको कर्णाली प्रदेशमा हवाई सेवा नियमित नहुँदा एकातिर स्थानीयले आकस्मिक स्वास्थ्य सेवा लगायतका जरुरी कार्यहरुमा निकै कठिनाई व्यहोर्नु परयो भने अर्कोतिर अनियमित सेवाको कारण दर्शाई मनपरी भाडा असुल्ने गरिएको स्थानीयको गुनासो रह्यो ।**
- **शसस्त्र द्वन्द्वको १२ वर्ष बितीसक्दा पनि द्वन्द्व पीडित तथा प्रभावितहरुले अझैसम्म न्यायको अनुभूति गर्न सकेका छैनन् । समयावधि थप हुँदा समेत सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता विरुद्ध गठित छानवीन आयोगले पीडितहरुको सवाललाई अझै सम्बोधन हुनेगरि काम गर्न नसकेको पीडित पक्षको गुनासो रह्यो ।**
- **स्थानीयस्तरमा न्याय निरुपणका लागि मेलमिलाप केन्द्र र न्यायिक इजलास स्थापना गरिनुपर्नेमा प्रदेश नं. ५ का अधिकांश स्थानीय तहहरुमा यस त्रैमासिक अवधिको अन्त्यसम्म पनि बन्न नसकेका कारण न्यायिक निरुपणमा समस्या भएको न्यायिक समितिका संयोजकहरुको गुनासो रहयो । न्यायिक समितिमा मेलमिलाप केन्द्रको अभावले प्रभावकारी र गोपनीय रुपमा मेलमिलाप सम्बन्धी छलफल गर्न समेत समस्या वेहोर्नु परेको देखियो ।**
- **यस त्रैमासिक अवधिमा हरुवाचरुवाहरुको संजालद्वारा हरुवाचरुवाहरुको न्यायको माँग गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री समक्ष ज्ञापनपत्र बुझाए । संजालका प्रतिनिधिहरुले ज्ञापनपत्र दिदै न्याय र सुरक्षाको प्रत्याभूति दिलाउन समेत मन्त्री समक्ष आग्रह गरे ।**
- **२०७२ सालमा गएको महाभूकम्पमा ध्वस्त संरचनाको पूर्ननिर्माण कार्यमा भएको ढिलाईले यस त्रैमासिक अवधिमा पनि बिभिन्न क्षेत्र प्रभावित हुन पुग्यो । कतिपय ठाउँमा बिद्यालयको भवन पूर्ननिर्माण हुन नसक्दा अधिक चिसो समयमा पनि बालबालिका खुल्ला आकास मुनि भूईमै बसेर पढन बाध्य देखियो । सिन्धुपाल्चोकमा भने एक गाउँका १९ परिवार एक अन्तराष्ट्रिय गैरसरकारी संस्थाको सहयोगमा स्वयंनै पूर्ननिर्माण कार्यमा जुटेको पाईयो ।**
- **तराई तथा मधेशका ठाउँहरुमा फागुन चैतको बढदो गर्मीसंगै आगजनीको बढदो घटनाहरुबाट परिवारहरु घरवारविहीन हुन थाले पनि उचित राहतको अभावले थप पीडा झेल्न बाध्य छन् । आगजनीबाट घरवारविहीन भई बिचल्ली हुने भएकोले सरकारबाट थातथलोको लागि उचित व्यवस्था हुनुपर्ने पीडित पक्षहरुको माँग रहेको पाईयो ।**

## १- प्रशासन सम्बन्धी घटना / तनाव

**बिगतमाझैं यस त्रैमासिक अवधिमा पनि भ्रष्टाचारको गतिबिधिहरु व्यापक रुपमा भएको पाईयो । प्रदेश सरकार र स्थानीय सरकार मातहतका ठाउँमा भएका भ्रष्टाचार र अनियमितताले बढीनै चर्चा पायो । अख्तियार दूरुपयोग अनुसन्धान आयोगमा परेका उजुरी र आयोगबाट सार्वजनिक भएका प्रतिवेदनहरुका आधारमा यस अवधिमा स्थानीय तहमा बढी भ्रष्टाचार भएको र कार्वाहीको अवस्था पनि तिनै निकायहरुमा बढी भएको देखियो । मालपोत, भूमिसुधार कार्यालय लगायतका निकायमा पनि भ्रष्टाचारको आरोपमा कर्मचारीहरु कार्वाहीमा परेको पाईयो ।**

कोशी प्रदेशका १३ जिल्ला र प्रदेश नम्बर २ को एउटा गरी १४ जिल्लाका स्थानीय तहमा भ्रष्टाचार मौलाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको इटहरीस्थित क्षेत्रीय कार्यालयले जनायो । आयोगको क्षेत्रीय कार्यालयले पूर्वका १४ जिल्लालाई आधार बनाएर सार्वजनिक गरेको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०७५/०७६ को आठ महिनामा एकहजार चारसय उजुरी परे । जसमध्ये सबैभन्दा बढी संघीय मामिलासँग सम्बन्धित तीनसय ६४ वटा उजुरी रहेका थिए । बढी उजुरी सप्तरी, सुनसरी, मोरङ र झापाका स्थानीय तहसँग सम्बन्धित छन् । सबैभन्दा कम उजुरी सोलु, ताप्लेजुङ र ओखलढुंगाका स्थानीय तहका छन् । भूमिसुधार कार्यालयमा कार्यालय प्रमुखदेखि कार्यालय सहयोगीसम्म किर्ते काममा संलग्न हुने गरेको उजुरी परेका थिए । अख्तियारको इटहरी कार्यालयले प्रदेश नं. १ को उदयपुर बाहेक १३ जिल्ला र प्रदेश २ को सप्तरीलाई कार्यक्षेत्र बनाएर काम गर्दै आएको छ ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- कोशी प्रदेश)**

गण्डकी प्रदेशस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पोखरा कार्यालयमा सबैभन्दा बढी स्थानीय तहका उजुरी आउने गरेका सो कार्यालयले जनायो । आयोगको स्थापना दिवसको अवसरमा ०७५ माघ २८ गते आयोजित कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयतर्फ बढी उजुरी आएको जनाईएको थियो। कार्यालयका सूचना अधिकारी रमेश

ढकालका अनुसार चालु आर्थिक वर्षको माघ २६ गतेसम्ममा अघिल्लो आ.व. का जिम्मेवारी सरेका २८७ सहित ५९४ उजुरी परेका थिए। चालु आ.व. को सोही माघ २६ गतेसम्म जम्मा ३०७ उजुरी परेकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत विभिन्न स्थानीय तहसँग सम्बन्धित २१७ उजुरी परेको ढकालले बताए। 'उजुरीको प्रवृत्ति हेर्दा स्थानीय तहसँग सम्बन्धित धेरै छन्' उनले भने, 'विकास निर्माणमा अनियमितता, ढुंगा, गिटी, बालुवा, सार्वजनिक बाटो, घरजग्ग अतिक्रमणलगायतका बढी उजुरी छन्।' कार्यालयका अनुसार स्थानीय तहपछि शिक्षा, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात, स्वास्थ्य तथा जनसंख्या र वन तथा वातावरण मन्त्रालयका उजुरी आउने गरेको पाईयो ।

(१६ औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश)

प्रदेश नं. २ स्थित जिल्ला मालपोत कार्यालय महोत्तरीका नायब सुब्बा ढकबहादुर कार्कीलाई सेवाग्राहीबाट १० हजार रुपैयाँ घुस लिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासले ०७५ माघ २६ गते गिरफ्तार गर्‍यो । सो दिन दिउँसो महोत्तरीको गौशाला नपा-१ रामनगरबाट उनलाई घुसको रकम सहित पक्राउ गरिएको आयोगले जनायो । जग्गा नामसारीका लागि मुचुल्का तयार गरेबापत नासु कार्कीले एक सेवाग्राहीबाट १० हजार रुपैयाँ लिएको र पूर्वसूचनाको आधारमा गिरफ्तार गरिएको आयोगद्वारा जारी विज्ञप्तीमा उल्लेख छ ।

त्यसैगरी, राजविराजस्थित भुमिसुधार कार्यालय र मालपोत कार्यालयका दुई कर्मचारीलाई सेवाग्राहीबाट तीन हजार घुस लिएको आरोपमा ०७५ फागुन ५ गते इटहरीस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले गिरफ्तार गरेको छ । जग्गा सम्बन्धी मिशिल कागजात तयार गर्न मुद्दा फाँटका नायब सुब्बा रामनारायण शर्मा र कम्प्युटर अपरेटर राजेश साहले तीनहजार रुपैयया घुस लिएको जनाउँदै निजहरुलाई गिरफ्तार गरिएको र सोही अनुसार कार्वाही प्रकृया अगाडि बढाईएको आयोगको क्षेत्रीय कार्यालय इटहरीले जनायो ।

(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

कर्णाली प्रदेशमा यस त्रैमासिक अवधिमा पनि भ्रष्टाचार कायमै रहेको देखियो । कर्णाली प्रदेश सभाको सार्वजनिक लेखा समितिले सरकारको आयोजनामा २०७४ बैशाख १ गते सम्पन्न रारा पर्यटन वर्ष उद्घाटनमा अनियमितता भएको निष्कर्ष निकालेको पाईयो । उद्घाटन कार्यक्रम सफल पार्न मन्त्रीपरिषदको निर्णय मार्फत् विभिन्न मन्त्रालय र निकायलाई ४६ लाख रुपैंया खर्चको अख्तियारी दिईएको थियो । तर मन्त्रालयहरुले भने लागत अनुमान बिनै सार्वजनिक खरिद ऐन विपरित खर्च गरेको समितिले ठहर गरेको ०७५ फागुन २३ गते प्रकाशित साझा बिसौनी दैनिकमा उल्लेख छ ।

(१६ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

**भ्रष्टाचारको मुद्दा मिलाईदिने भन्दै अख्तियार दूरुपयोग अनुसन्धान आयोगका आयुक्त राजनारायण पाठकद्वारा भएको पदीय दूरुपयोगको बिषयले यस अवधिमा निकै चर्चा पायो । भ्रष्टाचार बिरुद्ध कार्वाही गर्ने निकायकै पदाधिकारीको यस कार्यले आयोगप्रतिको बिश्वसनीयतामा समेत गंभीर चिन्ता र चासो बढाएको देखियो ।**

भक्तपुरको चाँगुनारायणस्थित नेपाल इन्जिनियिरिङ्ग कलेजका सञ्चालक लम्बोदर न्यौपानेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको मुद्दा मिलाइदिने भन्दै आयोगका आयुक्त राजनारायण पाठकले लिएको ७८ लाख रुपैयाँ फिर्ता गर्न नमानेपछि भएको विवादले घुसप्रकरण सार्वजनिक भयो । सोही कममा सरकारमै बसेको दलले पाठकविरुद्ध संसद्मा महाभियोग लगाउने तयारी भएपछि ०७५ फागुन ३ गते पाठकले पदबाट राजीनामा दिए । त्यसपछि आयोगले पाठकको विषयमा अनुसन्धान गरी पाठकविरुद्ध भ्रष्टाचार गरे बराबरको विगो माँगदावी गर्दै विशेष अदालतमा मुद्दा दायर गर्‍यो । त्ससैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालीन आयुक्त पाठकलाई घुस दिएका इन्जिनियिरिङ्ग कलेजका सञ्चालक न्यौपाने भने पक्राउ पर्ने डरले फरार भए । घुसको सम्बन्धमा पाठकसँग लिईएको बयानमा न्यौपानेबाट ७८ लाख रुपैया लिएको रहस्य खुलेपछि आयोगले न्यौपानेलाई समेत कार्वाहीमा लिने भएका कारण न्यौपाने फरार भएको ०७५ चैत ३ गते प्रकाशित नागरिक दैनिकमा उल्लेख छ ।

(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

**प्रदेश नं. १ र सुदूरपश्चिम प्रदेशका कतिपय स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु नहुँदा स्वास्थ्य सेवा नै प्रभावित हुन पुग्यो । त्यसैगरी, स्वास्थ्य निकायमा औषधी र उपकरणको अभावले बिरामीहरुले प्रभावकारी सेवा पाउन नसकेको गुनासो यस अवधिमा पनि पाईयो । कतिपय ठाउँमा बिरामीले ज्यान समेत गुमाउनु परेको देखियो । कतिपय स्थानीय तह र प्रदेश सरकारले यस अवधिमा स्वास्थ्यमा सुलभ र सहज पहूँचका लागि सकारात्मक निर्णय समेत गरेको पाईयो ।**

जिल्ला अस्पताल गाईघाटमा तीन महिनादेखि डाक्टर नहुँदा बिरामीहरु उपचार सेवाबाट वञ्चित भएका छन् । अस्पतालमा विशेषज्ञ डाक्टरको दरबन्दी भए पनि पदपूर्ति नहुँदा सामान्य उपचारका लागि पनि स्थानीयले हजारौ खर्च गरेर धरान, विराटनगर जानुपर्ने बाध्यता रहेको देखियो । ५० शैयाको उदयपुर जिल्ला अस्पतालमा १० जना विशेषज्ञ डाक्टरको दरबन्दी भए पनि यस त्रैमासिक अवधिको अन्तसम्म एकजना मात्र कार्यरत रहेको पाईयो । स्वास्थ्यकर्मी, प्राविधिक र कर्मचारी गरी अस्पतालमा ५९ जनाको दरबन्दीमा अधिकांश दरबन्दी खाली नै रहे ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- कोशी प्रदेश)**

सुदूर पश्चिम प्रदेशको उपक्षेत्रीय अस्पताल डडेल्धुरामा दरबन्दी अनुसार डाक्टर नहुदा स्वास्थ्य सेवामा समस्या परेको पाईयो । सो उपक्षेत्रीय अस्पतालमा स्थापनाकालदेखि नै डाक्टरको अभाब रहदै आएको स्थानीयले गुनासो गरे ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- सुदूरपश्चिम प्रदेश)**

प्रदेश नं. १ का स्थानीय तह र प्रदेश सरकारले अस्पताल र स्वास्थ्य केन्द्रहरुमा समयमै औषधि उपलब्ध नगराउँदा सुनसरीका अस्पताल र स्वास्थ्य चौकी, इलाका स्वास्थ्य केन्द्र एवं शहरी स्वास्थ्य संस्थाहरूमा निशुल्क वितरण गरिने औषधिको अभाव देखियो । अस्पतालमा पुगेका बिरामी तथा सेवाग्राहीहरुले डाक्टरले पुर्जामा दवाई लेखिदिने तर अस्पतालले औषधी बितरण नगर्दा बाहिर किन्नुपर्ने बाध्यता भएको गुनासो गरे । अस्पतालका स्वास्थ्यकर्मीहरुले भने स्थानीय तहबाट समयमै पर्याप्त औषधी उपलब्ध नभएका कारण बिरामीलाई चाहेर पनि बितरण गर्न नसकिएको गुनासो व्यक्त गरे ।

त्यसैगरी, सिद्धिचरण नपा-६ को जन्तरखानी स्वास्थ्य चौकीमा औषधी र उपचारमा प्रयोग हुने सर्जिकल सामग्रीको अभावका कारण बिरामीहरुले कठीनाई व्यहोर्न बाध्य हुनुपरेको पाईयो । निशुल्क पाइने औषधि र सामान्य उपचार उपकरण समेत नभएका कारण उपचारमा समस्या आएको चिकीत्सकहरुको भनाई रह्यो । नगरपालिकाको स्वास्थ्य शाखाले समयमै औषधी उपलब्ध नगराएका कारण सिटामोल, जुकाको औषधी लगायतका साधारण औषधीको समेत अभाव भएको जन्तरखानी स्वास्थ्य चौकीका प्रमुख अविन गुरूङले जनाए ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- कोशी प्रदेश)**

धनगढी उपमहानगरपालिका-१२ की  २२ वर्षीया रेखा थापाको सेती अंचल अस्पतालमा शल्यक्रिया गरि बच्चा जन्मेको दुई दिनपछि मृत्यु भएपश्चात अस्पतालमा प्रसुती सेवा लिने महिलाको संख्यामा कमी आएको छ । अस्पतालको लापरबाहीका कारण महिलाको मृत्यु भएको भन्दै आफन्तले अस्पतालमा आन्दोलन पनि गरेका थिए ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- सुदूरपश्चिम प्रदेश)**

गण्डकी प्रदेश सरकारले जटिल अवस्थाका गर्भवती तथा सुत्केरी महिलाको उद्धार र उपचारका लागि एअर लिफ्टिङ गर्ने भएको छ। मन्त्रीपरिषद्को ०७५ चैत ३० गतेको बैठकले यस सम्बन्धी कार्यविधि पारित गर्दै जोखिममा रहेका महिलालाई उद्धार गरी सुविधा सम्पन्न अस्पताल पुऱ्याउने निर्णय गरेको हो। समयमै उपचार नपाएर गर्भवती तथा सुत्केरी महिलाको जीवन जोखिममा नपरोस भन्दै प्रदेश सरकारले हेलिकोप्टर मार्फत उद्धारको व्यवस्था गरेको बैठकपछि आन्तरिक मामिला तथा कानुनमन्त्री हरिबहादुर चुमानले बताए। तत्काल प्राप्त हेलिकोप्टरबाट जोखिममा परेकाको उद्धार गरी अस्पताल ल्याउने र त्यसको भाडा सरकारले बेहोर्ने निर्णय भएको मन्त्री चुमानले सार्वजनिक जानकारी गराए ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश)**

## २ - सामाजिक एकता/ तनाव

**बिगतमाभैं यस अवधिमा पनि महिलामाथि हुने हिंसा र महिला सुरक्षाका सवाल प्रमुख चूनौतीका रुपमा रह्यो । यस अवधिमा प्रमुख रुपमा बलात्कार, यौनजन्य दुर्व्यवहार, कथित बोक्सीको आरोपमा अमानवीय कार्य, मानव बेचबिखन, छाउपडी, घरेलु हिंसा, लगायत घर झगडामा कुटपिट गरि हत्या गरिने लगायतका घटना निरन्तर रुपमा घटिरहे ।** *(बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाई संवेदनशीलताको हिसावले गोपनीयता कायम गरिएको छ ।)*

### बलात्कार

१५ वर्षीया बालिकालाई ०७५ माघ २१ गते बलात्कार गरेको आरोपमा भारतको विहार स्थायी घर भई ईलामको माई नगरपालिका-३ बस्दै आएका २६ वर्षीय मुर्सिल खानलाई प्रहरीले गिरफ्तार गऱ्यो । पीडित पक्षले माघ २२ गते प्रहरीमा उजुरीदिएको आधारमा गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका एसपी माधव श्रेष्ठले बताए ।

त्यसैगरी, ६ वर्षीया बालिकालाई पाँचथर जिल्ला कुम्मायक गाउँपालिका-१ घरभई हाल माङझाबुङमा बस्दै आएका २१ वर्षीय एकल लावतीले ०७५ माघ ११ गते बलात्कार गरेको आरोपमा प्रहरीले सोहि दिन गिरफ्तार गऱ्यो । पीडित पक्षको उजुरीका आधारमा आरोपित लावतीलाई गिरफ्तार गरि कार्वाही प्रकृया अगाडि बढाईएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक अनिल पौडेलले जानकारी दिए ।

त्यस्तै, १३ वर्षीया बालिकालाई तेह्रथुमको म्याङलुङ नपा-७ जिरीखिम्ती बस्ने ५५ वर्षीय इन्द्रबहादुर सुवेदीले ०७५ चैत ६ गते राती बलात्कार गरेको भनी चैत ७ गते प्रहरीमा उजुरी दिएपछि गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयमा प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले बताए ।

त्यस्तै, १७ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले ताप्लेजुङ जिल्ला खुम्लिङ्ग नपा-९ हाङ्गडेवा घर भई भारतीय सेनामा कार्यरत २१ वर्षीय अनिश लिम्बुलाई ०७५ माघ २२ गते सिद्धार्थनगर नपा-५ भैरहवास्थित पोखरा गेष्ट हाउसबाट गिरफ्तार गऱ्यो । आरोपितले उक्त होटलमा काम गर्ने बालिकालाई विवाह गर्ने प्रलोभन देखाएर माघ २२ गते बलात्कार गरेको भन्दै पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको र सोही दिन स्वास्थ्य परीक्षण समेत भएको प्रहरी नायव उपरीक्षक कुमोध ढुङ्गेलले बताए ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- कोशी प्रदेश)**

प्रदेश नं. ५ मा १३ वर्षीया नावालिका बलात्कार गरेको आरोपमा ०७५ माघ २५ गते ७० वर्षीय बृद्धलाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनायो । प्रहरीका अनुसार बृद्धले खुकुरी देखाई धम्क्याएर पटक पटक बलात्कार गरेका थिए ।

त्यसैगरी, १४ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले पाल्पाको निस्दी गाउँपालिका-६ स्थित अर्चलेका ४६ वर्षीय बुवालाई ०७५ चैत १८ गते गिरफ्तार गऱ्यो । पीडित बालिकालाई आरोपितले चैत १३ गते बलात्कार गरेको भन्दै चैत १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी परेको प्रहरीले जनायो ।

१५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले सैनामैना नपा-१ घर भई बुटवल उमनपा-९ तिनकुनेस्थित मनिषा नास्ता पसल सञ्चालक ३७ वर्षीय छत्रबहादुर शाहीलाई ०७५ माघ ६ गते गिरफ्तार गऱ्यो । पीडित बालिकालाई आरोपितले जागिरको प्रलोभन देखाएर पटकपटक बलात्कार गरेको र पछिल्लो पटक माघ ५ गते अन्य ग्राहकलाई बलात्कार गर्न पठाएको भन्दै पीडितले इलाका प्रहरी कार्यालय बुटवलमा माघ ६ गते उजुरी दिएको प्रहरी नायव उपरीक्षक डिलबहादुर मल्लले बताए ।

*प्रदेश नं. ५ मा प्रदेश प्रहरी कार्यालयले यस त्रैमासिक अवधिमा एक कार्यक्रमको आयोजना गरि बिगत ९ महिनाको अवधिमा प्रदेश नं. ५ मा २ सय ७९ जना महिला एंव बालबालिकाहरु बलात्कृत भएको तथ्यांक सार्वजनिक गऱ्यो । ०७५ साउन १ गतेदेखि चैत्र मसान्तसम्मको अवधिमा ती घटनामा संलग्न २ सय ६० जना पक्राउ परेका र ५४ जना अझै फरार रहेका सो प्रदेश प्रहरी कार्यालयले जनायो । बलात्कारका घटना सबैभन्दा बढी दाङमा भई ५२ महिला पीडित भएको बताईयो । त्यसैगरी रुपन्देहीमा ५० जना महिला बलात्कारबाट पीडित भएको प्रहरी तथ्यांकले जनायो ।*

**(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

३२ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा कैलालीको जोशीपुर गाँउपालिका-५ का २८ वर्षीय गणेश जोशीलाई ०७५ चैत्र २४ गते प्रहरीले गिरफ्तार गऱ्यो । पीडित महिलाले प्रहरीमा उजुरी दिएपछि प्रहरीले आरोपितलाई गिरफ्तार गरेको हो ।

त्यसैगरी, ४२ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले ०७५ फागुन ११ गते साफेबगर नपा-६ का ३५ वर्षीय जगत रावललाई गिरफ्तार गऱ्यो । घरमा सुतिरहेको अवस्थामा ढोकाको चुक्कुल भाँचेर घरभित्र प्रबेश गरि बलात्कारको गरेको जनाउँदै पीडितले फाल्गुण ११ उजुरी गरेकी थिईन् ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- सुदूरपश्चिम प्रदेश)**

### हत्या/ हत्याको प्रयास

प्रदेश नं. ५ अन्तर्गत जब्बरजंग गण बुटवलमा कार्यरत ३५ वर्षीय सिपाही मोहन बोहोराले ०७५ पुष २३ गते मध्यराती श्रीमतीको हत्या गरे । गुलरिया नगरपालिका कृष्णसार टोल निवासी बोहोराले २५ वर्षीया पत्नी सुष्मा कुँवरको हत्या गरेको प्रहरी उपरीक्षक सुरेन्द्रप्रसाद मैनालीले बताए । हत्या गरि भाग्ने क्रममा खैरापुरस्थित प्रहरी चौकीमा तैनाथ प्रहरीले बोहोरालाई नियन्त्रणमा लिई घटनाको अनुसन्धान गरिरहेको प्रहरीले जनायो ।

त्यसैगरी, पाल्पाको रामपुर नपा-६ स्थित तिलपुर बस्ने ४५ वर्षीय भलबहादुर कुमाललाई धारिलो हतियार प्रहार गरी पत्नीको हत्या गरेको अभियोगमा सोही नपा-४ जलदेबीस्थान बस्ने ३६ वर्षीय मनोज थापालाई ०७५ पुष २२ गते राती प्रहरीले गिरफ्तार गऱ्यो । सामान्य घरायसी विवादको कारण भएको झगडापछि उक्त घटना भएको प्रहरीले जनायो ।

(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

### बोक्सीको आरोपमा दुर्व्यवहार/ अमानवीय कार्य

प्रदेश नं. २ को सिरहास्थित नरहा गाउँपालिका-३ की ५० वर्षीया बौवावती महतोलाई कथित बोक्सीको आरोपमा सोही ठाउँका ६० वर्षीया झौलीदेवी सदा, १९ वर्षीया सञ्जित सदा, ५५ वर्षीय सुकन मण्डल र अन्य दुईजना महिलाहरुले ०७५ माघ २४ गते कुटपिट र दुर्व्यवहार गरेको जनाउँदै पीडित परिवारले इलाका प्रहरी कार्यालय मिर्चैयामा आरोपितहरुमाथि कार्वाहीको माँग गरे । पीडितका अनुसार माघ २४ गते आरोपितहरूको परिवारले सञ्जितलाई बोक्सी लगाएर बिरामी पारेकोले ठिक पार नत्र आगो लगाइदिन्छु भन्दै कुटपिट गरेका थिए । इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी नायव उपरीक्षक सुकदेव खनालले घटनाको अनुसन्धान गरी आवश्यक कारबाही प्रक्रिया अगाडि बढाईएको बताए ।

(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

### मानव वेचविखन

**प्रदेश नं. ५ मा विगतको अवधिमाझै यस अवधिमा पनि तराई/ मधेशका जिल्लाहरु बाँके, दाङ्ग, कपिलवस्तु, रुपन्देही र नवलपरासी जिल्लाका नाकाहरुबाट मानव बेचबिखन तथा ओसार पसारका घटनाहरु भएको सार्बजनिक जानकारीमा आयो ।**

नेपालगञ्ज नाकाबाटभारत हुँदै अवैध रुपमा तेस्रो मुलुक लगिन थालेका १९ जना नेपाली महिलालाई ०७५ फागुन १० र ११ गते नेपालगञ्जको जमुनाह नाकाबाट उद्दार गरिएको प्रहरीले जनायो । माइती नेपाल र नेपाल प्रहरीको समन्वयमा जमुनाहा नाकाबाट उनीहरुको उद्दार गरिएको हो । १९ देखि ४१ बर्ष उमेरसम्मका ती महिलाहरु भारत हुँदै इराक, किर्गिस्तान जान लागेको प्रारम्भिक सोधपुछका क्रममा थाहा भएको माइती नेपाल नेपालगञ्जका संयोजक केशब कोइरालाले जानकारी दिए ।

त्यसैगरी, किशोरीहरुलाई ललाई फकाई भारततर्फ लैजादै गरेको अवस्थामा रसुवा यार्चा गाउँपालिका-१ बस्ने २४ वर्षीय कामी थोक्रा, सुर्खेत गुर्भाकोट न-१२ बस्ने ४६ वर्षीय वकिलबहादुर मल्ल र दाङ तुल्सीपुर उपमहानपा-५ बस्ने ४५ वर्षीया मैमीकुमारी सार्की समेत ३ जनालाई बर्दिया बढैयाताल गाउँपालिका-८ कर्णालीपुलबाट ०७५ फागुन १८ गते प्रहरीले गिरफ्तार गऱ्यो ।

त्यस्तै, १५ वर्षीया बालिकालाई बेचबिखन प्रयास गरेको आरोपमा सरावल गाउँपालिका-५ का २१ वर्षीय इन्दल गौड र उनकी २३ वर्षीया पत्नी आरती गौडलाई प्रहरीले ०७५ पुस २९ गते गिरफ्तार गरी कार्वाही गरिएको प्रहरीले जनायो । पीडित बालिकालाई आरोपितले पुस २९ गते पाल्हीनन्दन गाउँपालिका-१, महेशपुरस्थित नेपाल भारत सिमाबाट विक्रीका लागि भारततर्फ लैजाँदै गर्दा साना हातहरू नामक संस्थाको सहयोगमा सिमा प्रहरीले उद्धार गरी आरोपितलाई गिरफ्तार गरेको थियो ।

(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

### दाईजो / दहेज

प्रदेश नं. २ अन्तर्गत जनकपुरकी एक महिलाले दाईजोका कारण शारीरिक र मानसिक यातना सहन नसकेपछि ०७५ माघ १८ गते दुई वर्षीया काखे छोरीसहित आफूले पनि बिष सेवन गरि आत्महत्या गरिन् । जनकपुर उपमहानपा-४ स्थित सरहन्चियाकी २५ वर्षीया सीमा शर्माले दुई वर्षीया छोरीलाई विष खुवाएपछि आफूले पनि सेवन गरी आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानमा देखिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक गोविन्द थपलियाले बताए । प्रहरीका अनुसार शर्माले पति, सासू, ससुरा र नन्दबाट थप दाइजो नपुगेको भनी यातना पाइरहेकी थिईन् । 'माइतबाट थप दाइजो नल्याएको भन्दै पीडितलाई शारीरिक र मानसिक यातना दिने गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ', उपरीक्षक थपलियाले भने । आरोपितहरुमाथि आत्महत्या गर्न बाध्य पारेको अभियोगमा कार्वाही प्रकृया अगाडि बढाईको प्रहरीले जनायो ।

त्यसैगरी, सप्तरीको कङ्कालिनी नपा-१४ रम्पुरा मल्हनियाकी २१ वर्षीया रोजीतन खातुनलाई २५ वर्षीय पति हनिफा मियाँ, ५२ वर्षीय ससुरा सहमद मियाँ, ५२ वर्षीया सासू बतुलन खातुन र २२ वर्षीय देवर इसाद मियाँले थप दाइजो मागी घरनिकाला गरेको भन्दै पीडितले जिल्ला अदालत सप्तरीमा ०७५ फागुन १४ गते घरेलु हिंसाको उजुरी दर्ता गराईन् । मुस्लीम धर्मअनुसार ०७२ वैशाख २५ गते मागी विवाह हुँदा दाइजो स्वरुप ५ लाख रुपियाँ नगदसहित गरगहना र फर्निचरहरू दिए पनि चारचक्के गाडीका लागि १३ लाख रुपियाँ थप दाइजो माग गरी आरोपितहरूले पुस २४ गते घर निकाला गरेको पीडितले बताईन् । पीडिती आफू घरबाट निकालिएपछि सुनसरीको कोशी गाउँपालिका-८ स्थित माइतीघरमा बस्दै आएको

बताईन् । विवाह दर्ता र नागरिकता समेत नबनाई दिएका आरोपित पतिले अप्राकृतिक मैथुन गरी चरम यातना दिने गरेको समेत पीडितले आरोप लगाईन् ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

**छाउपडी**

बाजुराको बुढीनन्दा नपा-९ को आंपानीस्थित छाउगोठमा निसासिएर तीनजनाको मृत्यु भयो । मृत्य हुनेमा कासी बोहराकी ३५ वर्षीया पत्नी अब्बा बोहरा दुई नावालक छोराहरु रहेका थिए । महिनावारी भएर छाउगोठमा रहेकी महिला ०७५ पुष २५ गते राती छोराहरुसहित सुतेकोमा बिहान उनीहरु मृत्य अवस्थामा भेटिएका थिए ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ७)**

## ३ - राजनीतिक तनाव/ परिचालन

**अर्द्धभूमिगत भई हिंसात्मक स्वरुपमा राजनीतिक आन्दोलन चर्काउँदै लगेका नेत्रविक्रम चन्द नेतृत्वको संगठनलाई सरकारले प्रतिबन्ध लगाएसँगै सो संगठनले गाउँकेन्द्रित आफ्ना गतिविधिलाई तीव्रता दिन थालेको पाईयो । सो संगठनका कार्यकर्ताहरुले एकातिर जिल्लास्थित स्थानीय तहका वडाध्यक्ष लगायत जनप्रतिनिधिहरुसँग चन्दा माग्ने, नदिए कारवाहीको धम्की दिई त्रसित बनाउने जस्ता कार्यले जनजीवन समेत भयभीत हुन थालेको र अर्कोतिर प्रहरीले पनि उक्त संगठनका कार्यकर्ताहरुको गिरफ्तारीलाई तिव्रता दिन थालेको देखियो । घटनाका यस्ता स्वरुपहरु पछिल्लो समयमा सातवटै प्रदेशमा देखिए ।**

प्रदेश नं. १ को उदयपुरमा नेत्रविक्रम चन्द नेतृत्वको नेकपाले चन्दाको लागि धम्की दिदै आएकोले आफूहर भयभीत भई काम गरिरहनु परेको स्थानीय जनप्रतिनिधिहरुले गुनासो गरे । यस त्रैमासिक अवधिमा सो संगठनका कार्यकर्ताहरु वडाध्यक्षको घरमै पुगेर खाना र चन्दा माग्न थालेको वडाध्यक्षहरुको भनाई रह्यो । नाम नराख्ने शर्तमा एक वडाध्यले भने, ‘अनिवार्य रुपमा चन्दा दिनैपर्ने सर्त तेर्स्याउँछन् ।’ उनका अनुसार जोगिनलाई पनि थाहा नहुनेगरि कतिपय शर्त मान्न बाध्य हुनुपरेको छ ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- कोशी प्रदेश)**

प्रदेश नं. ५ को प्युठानमा विप्लव नेतृत्वका कार्यकर्ताहरुले स्वर्गद्धारी नपाका मेयर नेत्रबहादुर रोकायलाई ०७५ पुस २३ गते कालोमोसो दलि दुर्व्यवहार गरे । उनलाई आफ्नो पार्टीको नाममा बेनामी चेक काटी भ्रष्टाचार गरेको आरोपमा कालोमोसो दलिएको सो पार्टीले बिज्ञप्तीमार्फत सार्वजनिक जानकारी गरायो ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

त्यसैगरी, कर्णाली प्रदेश अन्तर्गत कालिकोट जिल्लाका ११ वटै स्थानीय सरकार प्रमुखसंग जिल्ला सुरक्षा समितिले विप्लव समूहको त्रासबारे संयुक्त बैठक गरेको सार्वजनिक जानकारीमा आयो । विप्लव समूहको चन्दा आतंक र जनप्रतिनिधिलाई राजीनामा गर्न दिएको धम्कीजस्ता विषयमा कर्णाली प्रदेश प्रहरी प्रमुख महेशविक्रम शाहसंग स्थानीय सरकारका प्रमुखले सुरक्षा चुनौतिको कुरा उठाएपछि समितिले आपतकालिन बैठक राखेको हो ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)**

प्रदेश नं. ३ को ललितपुरस्थित एनसेलको कार्यालयमा विप्लब नेतृत्वका कार्यकर्ताहरुले ०७५ माघ १९ गते बम विस्फोट गराए । बम बिष्फोटम परि एकजनाको ज्यान गयो । त्यसैगरी यस अवधिमा एनसेलको विभिन्न ठाउँका टेलिफोनका टावरहरुमा विस्फोट गराई लाखौको क्षति पुरयाएको प्रहरीले जनायो ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)**

प्रदेशनं. ५ को बिभिन्न ठाउँमा रहेका एनसेल टावरहरुमा ०७५ फागुन १० गते राती बम बिष्फोट तथा आगजनी गरि लाखौको क्षति पुरयाईएको प्रहरीले जनायो । प्रहरीका अनुसार सो दिन राती बिभिन्न जिल्लामा रहेका एनसेलका ५ र एनटीसीको एउटा टावरमा बम बिष्फोट तथा आगलागी गरी क्षती पुर्याइएको थियो । उक्त कार्यमा संलग्नको खोजी भईरहेको प्रहरीले जनायो ।

पूर्वपश्चिम राजमार्गस्थित पश्चिम नवलपरासीको बासाबसहीमा ०७५ फागुन २८ गते राती दुई ट्रकमा आगजनी गरे । आगलागीबाट ट्रकको पछाडिको भागमा क्षति पुगेको र बन्दको पूर्वसन्ध्यामा भएको आगजनीमा विप्लव समूहको संलग्नताको आशंका रहेको प्रहरीले जनायो ।

यसैगरी रोल्पाको सुनिल स्मृति गाउँपालिकाको रूईनिवाङमा रहेको नेपाल टेलिकमको टावर र सोही गाउँपालिकाको गजुलमा रहेको एनसेल टावरमा ०७५ फाल्गुन १० राती बिष्फोट गराई क्षति पुऱ्याए ।

रुपन्देहीको गौरहवा गाउँपालिका-३ स्थित कटवामा एनसेलको टावरमा ०७५ फागुन ९ गते आगजनी गरि क्षति पुऱ्याए । आगजनीबाट तार जलेर नष्ट भएको प्रहरी चौकी सूर्यपुराका प्रहरी निरीक्षक जीवराज चुँदालीले जानकारी दिए ।

रोल्पाको गंगादेव गाउँपालिकाका प्रमुख चढ्ने गाडीमा फागुन २२ गते राती अपरिचित समूहले आगजनी गरि क्षति पुऱ्याए । सो गाउँपालिका-४ स्थित पालिका कार्यालयको कम्पाउण्ड हाताभित्र राखिएको गाडीमा पेट्रोलियम पदार्थ छर्केर आगजनी गरिएको रोल्पाका प्रहरी नायव उपरीक्षक दीपक खड्काले बताए ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

बिप्लव नेतृत्वको नेकपाका कार्यकर्ताहरुले पूर्व पश्चिम राजमार्गको बढैपुरमा ०७५ फाल्गुण ३० गते बिहान म १४४१ नम्बरको बसमा आगजनी गरि क्षति पुऱ्याए । बिप्लब समूहले बन्द आह्वानको समयमा बस चलाएकोले क्षति पुरयाईएको जनायो ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- सुदूरपश्चिम प्रदेश)**

**पठन पाठन र परिक्षा समेत प्रभावित**ः विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी निकटको विद्यार्थी संगठन अखिल क्रान्तिकारी सल्यानले चैत ३ गते जिल्लामा गरेको एकदिने शैक्षिक हड्तालका कारण बागचौर नगरपालिका अन्तर्गत लिइएको अन्तिम परीक्षा नै स्थगित भयो । भने अन्य जिल्लाको पठनपाठन प्रभावित भयो ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)**

## गिरफ्तारी :

**नेत्रविक्रम चन्द (बिप्लव) को नेकपामा संलग्न भएको आरोपमा यस त्रैमासिक अवधिमा बिभिन्न ठाउँबाट प्रहरीले गिरफ्तार गर्ने र मुद्दा चलाउने कार्यलाई तिव्रता दिएको पाईयो ।**

**झापा**ः बिप्लव नेतृत्वको नेकपाका इलाम सेक्रेटरी दिपेन राई र अर्का कार्यकर्ता होम खतिवडालाई ०७५ चैत्र २० गते झापाको बिर्तामोडबाट प्रहरीले गिरफ्तार गऱ्यो । इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी नायव उपरीक्षक सुवास खड्काले दुबैजनालाई गिरफ्तार गरिएको जनाउँदै थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय झापा पठाइएको बताए ।

**सुनसरी**ः कोशी व्यूरो इन्चार्ज घनश्याम श्रेष्ठ (पुष्कर) र ब्यूरो सदस्य माधव गौतमलाई मोरंगबाट ०७५ चैत ११ गते प्रहरीले गिरफ्तार गऱ्यो । गिरफ्तार गरिएका दुवै जनालाई संगठीत अपराध र हातहतियार तथा खरखजाना मुद्दामा म्याद थप गरेर अनुसन्धान गरिरहेको प्रहरीले जनायो ।

**तेह्रथुम**ः तेह्रथुमका सहसेक्रेटरी म्याङलुङ नगरपालिका-८ का ४८ वर्षीय हेमबहादुर लिम्बूलाई प्रहरीले ०७५ चैत १३ गते गिरफ्तार गऱ्यो । यसअघि फागुन १४ गते छथर गाउँपालिका-६ बाट प्रहरीले गिरफ्तार गरेका सो पार्टीका कार्यकर्ता कालिकोट तिलागुफा नपाका ३० वर्षीय पैरबहादुर रावल जिल्ला अदालतबाट चैत ८ गते ८ हजार रूपियाँ धरौटीमा रिहा भएकोमा अदालत हाताबाटै उनलाई सोही समयमा पुनः प्रहरीले गिरफ्तार गरि अज्ञात बनाएको सो संगठनले जनायो । प्रमुख जिल्ला अधिकारी लक्ष्मीदेवी हुमागाईंले रावल चैत ८ गते धरौटीमा रिहा भएका र त्यसपछि उनलाई पुनः पक्राउ नगरिएको बताए ।

**मोरङ**ः मोरङ जिल्ला इन्चार्ज भोजपुर आमचोक गाँउपालिका-८ का ३८ वर्षीय कृष्णकुमार श्रेष्ठ (प्रज्वल) लाई मोरङ प्रहरीले ०७५ चैत्र १३ गते बिहान सुन्दरहरैचा नपा-९ सलकपुरबाट गिरफ्तार गऱ्यो ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- कोशी प्रदेश)**

**सप्तरी**ः विप्लव नेतृत्वको नेकपाका तीनजना कार्यकर्ताहरुलाई सप्तरी प्रहरीले राजविराजबाट ०७५ चैत ११ गते गिरफ्तार गरयो । पक्राउ पर्नेमा कञ्चनरुप नपा-६ का ५२ वर्षीय नुन्नु राम, शम्भुनाथ नपा-६ का ४६ बर्षीय गणपति साह र छिन्नमस्ता गापा-१ का ४० बर्षीय तेजनारायण यादव रहेको र उनीहरु विप्लव माओवादीका जिल्ला सदस्य भएकाले आवश्यक कारबाही प्रक्रिया अगाडि बढाईएको प्रहरीले जनायो ।

**(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

**कास्की**ः बिप्लव नेतृत्वको माओबादीका गण्डकी प्रदेशस्थित कास्की जिल्ला जनसरकार प्रमुख रामकाजी गुरुङलाई ०७५ चैत १५ गते म्याग्दीबाट गिरफ्तार गरिएको प्रहरीले जनायो । त्यसैगरी चैत १२ गते तमुवान् जनपरिषद् संयोजक किसानसिंह गुरुङलाई पोखरा उपमहानपा-२७ रिठेपानीबाट गिरफ्तार गरिएको कास्की प्रहरीका प्रवक्ता डीएसपी रविन्द्रमान गुरुङले सार्वजनिक गरे ।

(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)

**रोल्पा:** 'विप्लव' नेतृत्वको नेकपा निकट शिक्षक सङ्गठन रोल्पाका सचिव भुपबहादुर केसीलाई ०७५ पुस २२ गते रोल्पा नपा-१ स्थित सल्लीबोट आधारभुत बिद्यालयबाटै प्रहरीले गिर्‌फ्तार गऱ्यो । शिक्षक भएर पढाउने भन्दा राजनीति बढी गरेको र अरूलाई धम्क्याउँदै हिँडेको गुनासोका आधारमा सोधपुछका लागि गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रहरी नायव उपरीक्षक दिपक खड्काले बताए । विद्यालयका प्रधानाध्यापक उदय महराका अनुसार विद्यालयमा अध्यापन गराइरहेका शिक्षक केसीलाई सादा पोशाकमा आएका प्रहरीले सोधपुछ गर्नुछ भन्दै लगेका थिए ।

**दाङः** दाङका सचिवालय सदस्यहरु प्रदीप वली, ईश्वरी पाण्डे र तुलसीपुर उपमहानगरपालिकाका सेक्रेटरी रुद्र वलीलाई दाङबाट ०७५ फागुन २१ गते गिरफ्तार गरेको ईलाका प्रहरी कार्यालय तुलसीपुरले जनायो । तुलसीपुरमा द्वन्द्वपीडित परिवारलाई अभिनन्दन गर्न आयोजना गरिएको कार्यक्रमस्थलबाटै उनीहरु गिरफ्तारीमा परेका थिए ।

प्रदेश नं. ५ अन्तर्गत शिवराज नपा-९ का बिप्लव नेतृत्वका नेता दुर्गाबहादुर रोकाको घरमा प्रहरीले ०७५ फागुन २३ गते छापामारी गरे । सोही क्रममा प्रहरीको गोली प्रहारबाट घाईते भएका दुर्गाबहादुर रोकालाई गिरफ्तार गरि लगेको उनका परिवारजनले बताए । प्रहरी टोलीले बिहानीको समयमा घर घेरा हालेपछि रोका भाग्न खोज्दा गोली चलाई नियन्त्रणमा लिईएको प्रहरीले जनायो । खुट्टामा प्रहरीको गोली लागि रोका घाईते भएका थिए ।

(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**कंचनपुर:** जिल्ला प्रहरी कार्यालय कन्चनपुरले बिप्लव नेतृत्वको नेकपाका भिमदत्त नगरपालिकाका इन्चार्ज रघुबिर जोशीलाई ०७५ चैत्र २६ गते गिरफ्तार गऱ्यो । उनलाई सो नपा-९ बाट गिरप्तार गरि जिल्ला प्रहरी कायालय कन्चनपुरमा राखिएको प्रहरीले जनायो ।

**आछाम :**प्रदेश नं. ७ अन्तर्गत आछामको रामारोशन गाउँपालिका-४ स्थित बाटुलासैनमा ०७५ चैत्र १२ गते बिप्लव नेतृत्वका कार्यकर्ता र प्रहरीवीच दोहोरो फायरिंगपछि सो पार्टीका ४ जना कार्यकर्ताहरुलाई गिरफ्तार गरिएको अछाम प्रहरीले जनायो ।

(१६ औं त्रैमासिक प्रतिवेदन- सुदूर पश्चिम प्रदेश)

## ४ - श्रोत साधनमाथिको द्वन्द्व

**ठेक्का सम्झौताको समयावधि समाप्त भई थप गरिएको समयमा समेत सेवा प्रदायक कार्यालयहरुको भवन र सडकहरुको निर्माण कार्य पूरा नहुँदा एकातिर बिकासको काम नै प्रभावित हुदै आएको छ भने अर्कोतर्फ कार्वाहीको प्रकिया समेत शसक्त ढंगले अगाडि बढन सकेको छैन । यस त्रैमासिक अवधिमा त्यस किसिमले निर्धारित समयमा काम सम्पन्न हुन नसकेका घटनाहरु सार्वजनिक जनकारीमा आए भने प्रदेश नं. १ को उदयपुरमा तोकिएको समयमै कार्य सम्पन्न गर्न माँग गर्दै जक्काजाम समेत गरेको पाईयो ।**

कोशी प्रदेश स्थित खोटाङको दिपरुङ चुइचुम्मा गाउँपालिका-१, याम्खास्थित स्वास्थ्यचौकी भवन निर्माण कार्य सम्झौता अनुसार २०७४ असार मसान्तभित्र सम्पन्न गरि हस्तान्तरण गरिसक्नुपर्ने भएता पनि पुनः थप गरिएको म्याद गुज्रदा समेत पुरा भएको छैन । सहरी विकास तथा भवन विभागको २ करोड ४८ लाख रुपैयाँ लागतमा ठेक्का लागेको स्वास्थ्यचौकी भवन निर्माण कार्यमा निर्माण व्यावसायीको लापरवाही र वेवास्ताले सम्पन्न हुन नसकेको गाउँपालिका प्रमुख भूपेन्द्र राईले बताए । भवन अभावमा स्वास्थ्य सेवा प्रवाहमा कठिनाई भइरहेको गाउँपालिकास्थित स्वास्थ्य शाखाले जनाएको २०७५ माघ १७ गतेको नागरिक दैनिकमा उल्लेख छ ।

त्रियुगा नपा-११ स्थित गाईघाटको मुख्य चोकदेखि त्रियुगा बसपार्कसम्मको ९ सय ४० मिटर चार लेन सडकको काम तोकिएको समयभन्दा धेरै ढिला भएको भन्दै स्थानीय बजारबासीले ०७५ चैत ११ गते दिउँसो पाँचदेखि ६ बजेसम्म सडकमा ढाट र ढुंगा राखेर १ घण्टासम्म सवारी आवागमन अवरुद्ध पारे । निर्धारित समय सकिएको ४/५ महिना बितिसक्दा पनि यस त्रैमासिक अवधिसम्म नाला निर्माण गरेर स्ल्याब हाल्ने कार्य मात्र भई काममा ढिलाइ गरेको जनाउँदै बिरोधस्वरुप उक्त सडक आवागमनमा अवरुद्ध पारेको स्थानीयले जनाए ।

(१६ औं त्रैमासिक प्रतिवेदन- कोशी प्रदेश)

**बिगतमा झै यस अवधिमा पनि बस्ती नै जोखिममा पर्ने गरि खोलानालाबाट अवैध रुपमा ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थहरु तिव्र रुपले उत्खनन् र निकासी गर्ने कार्य भएको पाईयो । नदीजन्य क्षेत्रबाट अवैध रुपमा उत्खनन् हुन नदिन स्थानीयले प्रशासनमा अवगत गराउँदा समेत त्यसतर्फ निकायले खासै ध्यान नदिएको स्थानीयको आरोप रहयो ।**

सिरहाको लहानबाट निकासी भएका गिट्टी वालुवा लगायत नदिजन्य पदार्थहरु सिमावर्ती नरगीमा संकलन गरि रातारात भारत पुरयाईदा समेत प्रहरीले रोक्नेतर्फ कुनै चासो लिएको देखिएन । प्रहरी चौकी कचनारीको मातहतमा रहेको भारतसिमासँगै टाँसिएको नरगीमा दैनिक २५ देखि ३० ट्रायक्टर वालुवा गिट्टी सँकलन हुँदै भारत पुरयाउने गरेको छ । नदीजन्य पदार्थ रातीको समयमा गैरकानुनी रुपले निकासी गरिएको बारे प्रहरीलाई खवर गर्दा समेत वास्ता नगरिएको स्थानीयको गुनासो रहेको ०७५ फागुन ५ गते प्रकाशित मधेश लाईभमा उल्लेख छ ।

(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

प्रदेश ५ का बिभिन्न स्थानहरुमा स्थानीय नदीहरुबाट नियम विपरीत अनियन्त्रित ढंगले नदी जन्य पर्दाथहरुको दोहोन भईनै रहयो । स्थानीयहरुले नदीजन्य ढुङ्गा गिट्टी र बालुवाको तस्करी बढेको भन्दै आन्दोलन गर्दै कारवाही गर्नुपर्ने माँग गर्दा समेत स्थानीय तह र स्थानीय प्रशासन मुख दर्शक भएको पाईयो ।

यसैवीच, प्रदेश ५ को लेखा समितिको अनुगमनले पनि नदीजन्य पदार्थको मनपरी उत्खनन भएको पाएको छ। प्रदेश संसदको सार्वजनिक लेखा समितिले विभिन्न जिल्लाहरूमा अनुगमन गर्ने क्रममा प्रदेशका नदीमा अनियन्त्रित रूपमा मनपरी उत्खनन् भएको तथ्य फेला परेको हो। अधिकांश स्थानीय तहमा प्रदेश सरकारले बनाएको कार्यविधिको पालना भएको देखिएन । जवकी सरकारले गत असोजमा नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि जारी गर्दै नदीजन्य पदार्थ उत्खनन, संकलन र घाटगद्दी गर्ने कार्यदेखि बिक्रीबारे स्पष्ट व्यवस्था गरेको थियो। तर कार्यविधिमा भएको व्यवस्थालाई पालना नगरी मनपरी रूपमा उत्खनन् भएको पाईएको अनुगमनमा गएका सांसदहरूले बताएका छन्। विभिन्न जिल्लाहरूको अनुगमनमा संलग्न कल्पना पाण्डेले मनपरी रूपमा उत्खनन् गरेको तथा क्रसरहरू पनि मनपरी रूपमा सञ्चालनमा रहेको बताईन् ।

(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**यातायातको अधिक असुविधा झेल्दै आएको कर्णाली प्रदेशमा हवाई सेवा नियमित नहुँदा एकातिर स्थानीयले आकस्मिक स्वास्थ्य सेवा लगायतका जरुरी कार्यहरुमा निकै कठिनाई व्यहोर्नु परयो भने अर्कोतिर अनियमित सेवाको कारण दर्शाई मनपरी भाडा असुल्ने गरिएको स्थानीयको गुनासो रहयो ।**

कर्णालीमा हवाई सेवा नियमित नहुँदा कर्णालीका हिमाली जिल्लाबासीले नेपालगञ्जको भर पर्न बाध्य हुनु परेको छ । सडक यातायातको विकल्प नभएको एक मात्र जिल्ला हुम्लामा सुर्खेतबाट नियमित उडान नहुँदा बिरामी तथा सर्वसाधारणलाई समस्या भएको छ । निजी एयरलाईन्स कम्पनीका जहाजले यात्रुलाई उडाउनुभन्दा कार्गो सामान ओसार्दा फाइदा हुने भन्दै हप्ताको एकपटक मात्र यात्रु बोकेर उडान भर्ने गरेको सुर्खेतस्थित गोमा एयर कम्पनीका भद्रजङ शाहीले बताए । उनका अनुसार यात्रु बोक्दा ५० प्रतिशत घाटा व्यहोर्नु पर्छ । नेपालगञ्ज र सुर्खेतबाट हुम्लाका लागि हवाई उडान भर्दै आएका निजी कम्पनीका जहाज गोमा एयर, तारा एयर र सिता एयरको लागि भाडादर एउटै तोकिएपनि विभिन्न कारण देखाउँदै विमान कम्पनी र कार्गोमा काम गर्ने मालिकहरुले मनपरी भाडा उठाउने गरेको सर्केगाढ गाउँपालिकाका उपाध्यक्ष जोशी धामीले बताएको २०७५ फागुन १० गतेको साझा बिसौनी दैनिकमा उल्लेख छ ।

(१६ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

## ५ - सङ्क्रमणकालीन न्याय / न्यायमाथिको पहूँच

**शसस्त्र द्वन्द्वको १२ वर्ष बितीसक्दा पनि द्वन्द्व पीडित तथा प्रभावितहरुले अझैसम्म न्यायको अनुभूति गर्न सकेका छैनन् । समयावधि थप हुँदा समेत सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता विरुद्ध गठित छानवीन आयोगले पीडितहरुको सवाललाई अझै सम्बोधन हुने गरि काम गर्न नसकेको पीडित पक्षको आरोप छ ।**

कोशी प्रदेशस्थित इलाममा द्वन्द्वपीडित साझा चौतारीले ०७५ चैत १० गते आयोजना गरेको एक कार्यक्रममा सशस्त्र द्वन्द्वका मुख्य सरोकारवाला पीडितले नीतिगत तहमा सहभागिता नहुञ्जेल आफूहरूले न्याय पाउन नसक्ने बताए । द्वन्द्वरत दुवै पक्षबाट पीडितहरुले विगतमा बेग्लाबेग्लै ढंगले न्याय माँग गरिरहेता पनि सम्बोधन नभएपछि अब एकै भएर न्यायका लागि लड्ने बताए । द्वन्द्वपीडितलाई न्याय दिन गठित दुई आयोगले समेत अर्थपूर्ण काम गर्न नसकेको भन्दै पीडितका लागि ऐन-कानुन बनाउने ठाउँमा पीडित पक्षहरु नै सहभागी हुनुपर्ने माँग गरे ।

(१६ औं त्रैमासिक प्रतिवेदन- कोशी प्रदेश)

गण्डकी प्रदेशको गोरखामासत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले द्वन्द्वपीडितले महसुस गर्ने कुनै काम नगरेको पीडित र तिनका परिवारजनले गुनासो पोखे । द्वन्द्वपीडित साझा चौतारीको आयोजनामा ०७५ फागुन ८ गते भएको एक अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले बेलाबखत द्वन्द्वपीडित भेला गरेर हुने कार्यक्रमहरुले पीडा भुल्नभन्दा बल्झाउने काम गरेको बताए। ‘द्वन्द्वपीडित पिल्सिएर बस्नुपरेको छ,’ सिरानचोक गाउँपालिका-४ का दीपक हमालले

भने, 'पीडितलाई घटनाको सत्यतथ्य के हो थाहा छैन, यतिका वर्षसम्म न्याय, परिपूरण, मेलमिलाप, सम्मानको केही काम भएन।' द्वन्द्व प्रभावितलाई परिचय खुल्ने कार्डसम्म सरकारले उपलब्ध गराउन नसकेको उनको गुनासो छ ।

(१६ औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश)

**स्थानीयस्तरमा न्यायिक निरुपणका लागि मेलमिलाप केन्द्र र न्यायिक इजलास स्थापना गरिनुपर्नेमा प्रदेश नं. ५ का अधिकांश स्थानीय तहहरुमा यस त्रैमासिक अवधिको अन्त्यसम्म पनि बन्न नसकेका कारण न्यायिक निरुपणमा समस्या भएको न्यायिक समितिका संयोजकहरुको गुनासो रहयो । न्यायिक समितिमा मेलमिलाप केन्द्रको अभावले प्रभावकारी र गोपनीय रुपमा मेलमिलाप सम्बन्धी छलफल गर्न समेत समस्या वेहोर्नु परेको देखियो ।**

प्रदेश ५ का अधिकांश स्थानीय तहहरुमा मेल मिलाप केन्द्र र न्यायिक समितिको न्यायिक इजलास नहुँदा न्याय सम्पादनमा समस्या देखिएको समितिका सदस्यहरुले गुनासो गरे । अधिकांश स्थानीय तहहरुको आफ्नै भवन नभएको, न्यायिक समिति पनि ढिलोगरि निमार्ण भएको र कार्यपालिकाले समेत न्यायिक समितिलाई प्रभावकारी बनाउने सवालमा खासै चासो नदिदा समस्या बढेको सदस्यहरुको भनाई रह्यो । कपिलवस्तु जिल्लामा रहेका १० वटा स्थानीय तहहरुमा अहिलेसम्म न्यायिक समितिमा इजलासको व्यवस्था छैन। उपाध्यक्ष तथा उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति गठन भए पनि सबै स्थानीय तहमा काम चलाउ इजलासबाट मुद्दा किनारा लगाउनु परेको जनप्रतिनिधिहरु बताए। त्यस्तै, १० वटा स्थानीय तह भएको पाल्पामा पनि कुनै स्थानीय तहमा न्यायिक इजलास र मेलमिलाप केन्द्रहरु छैनन् । अधिकांशले मेलमिलाप केन्द्रको निर्माण र प्रयोजनभन्दा पनि उपप्रमुखको कार्यकक्षमै छलफल गरेर बिबाद टुग्याउने गरेका छन् ।

(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**यस त्रैमासिक अवधिमा हरुवा चरुवाहरुको संजालद्वारा हरुवा चरुवाहरुको न्यायको माँग गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री समक्ष ज्ञापनपत्र बुझाए । संजालका प्रतिनिधिहरुले ज्ञापनपत्र दिदै न्याय र सुरक्षाको प्रत्याभूति दिलाउन समेत मन्त्री समक्ष आग्रह गरे ।**

देशैभरिका विगतमा हरुवा-चरुवा भइ काम गरेका व्यक्तिहरु राजधानीमा भेला भएर सरकारसँग न्यायको माँग गरेका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण बिष्टलाई भेटेर २१ औ शताब्दीमा पनि अझै पनि दासजस्तै काम गर्नुपरेको बताउदै सरकारले उनीहरुलाई पुनर्स्थापना गरि दिनुपर्ने माँग गरेका छन् । उनीहरुलाई २०५६ सालमा सरकारले मुक्त गरे पनि यथार्थमा उनीहरु पुरानै जीवन जिउन बाध्य रहेको ०७५ फागुन १५ गते प्रकाशित रिपब्लिकामा उल्लेख छ ।

(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

### ६ - प्राकृतिक प्रकोप पछिको राहत/ सहयोग वितरण र स्वास्थ्य लाभ सम्बन्धी चुनौती/ द्वन्द्व

**२०७२ सालमा गएको महाभूकम्पमा ध्वस्त संरचनाको पूर्ननिर्माण कार्यमा भएको ढिलाईले यस त्रैमासिक अवधिमा पनि बिभिन्न क्षेत्र प्रभावित हुन पुग्यो । कतिपय ठाउँमा बिद्यालयको भवन पूर्ननिर्माण हुन नसक्दा अधिक चिसो समयमा पनि बालबालिका खुल्ला आकास मुनि भूईमै बसेर पढन बाध्य देखियो । सिन्धुपाल्चोकमा भने एक गाउँका १९ परिवार एक अन्तराष्ट्रिय गैरसरकारी संस्थाको सहयोगमा स्वयंनै पूर्ननिर्माण कार्यमा जुटेको पाईयो ।**

कोशी प्रदेशको चिसङ्खुगढी गाउँपालिका-५ को पाखेस्थित कुष्माण्ड आधारभूत विद्यालयमा पुष माघको चिसो समयमा पनि खुल्ला आकाश मुनि बसेर कक्षा सञ्चालन गर्न समस्या भएपछि घाम कुरेर बस्न बाध्य हुनुपर्ने अवस्था अझै हटेको छैन । उक्त बिद्यालयमा ०७२ बैशाख महिनामा गएको महाभुकम्पमा परि ध्वस्त भएको भवन अझै पुर्ननिर्माण नभईसक्दा बालबालिका र शिक्षकहरुले सो समस्या झेल्दै आउनु परेको विद्यालयकी प्रधानाध्यापक ईन्दिरा भट्टराईले बताईन् । प्रधानअध्यापक भट्टराईका अनुसार उक्त विद्यालय निर्माणका लागि ३० लाख रुपियाँ निकासा भएपनि काम पूरा हुन नसकेको ०७५ माघ १० को इन्सेक अनलाईनमा उल्लेख छ ।

(१६ औं त्रैमासिक प्रतिवेदन- कोशी प्रदेश)

प्रदेश नं. ३ को सिन्धुपाल्चोकमा भूकम्पले आफनै पुर्ख्यौली वस्ती सेपगाउँलाई वस्न नमिल्ने गरी चिरा चिरा पारेपछि १९ घरपरिवार विस्थापित भए र उनीहरु अस्थायी शिविर बनाएर काफ्लेडाँडामा बसिरहेकोमा यस अवधिमा ती सबै परिवार एकजुट भएर नजिकैको सेलाङ् गाउँमा एकीकृत वस्ती निर्माणमा जुटेका छन् । सरकारले जग्गा उपलब्ध गराएपछि अक्स्फाम लगायतका दातृनिकायको सहयोग तथा सरकारको अनुदानबाट आधुनिक घर निर्माणका लागि ती परिवार अग्रसर हुन थालेका हुन् । एकीकृत वस्ती विकास समितिका संयोजक सोबल तामाङ्ले यो पटकको बर्खा अगाडि नै घर बनाएर सर्नेगरी निर्माण कार्यलाई चुस्तता दिइएको बताए ।

(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

**तराई/ तथा मधेशका ठाउँहरुमा फागुन चैतको बढदो गर्मीसंगै आगजनीको बढदो घटनाहरुबाट परिवारहरु घरवारविहीन हुन थाले पनि उचित राहतको अभावले थप पीडा भोल्न बाध्य छन् । आगजनीबाट घरवारविहीन भई बिचल्ली हुने भएकोले सरकारबाट थातथलोको लागि उचित व्यवस्था हुनुपर्ने पीडित पक्षहरुको माँग रहेको पाईयो ।**

जिल्ला सर्लाही चन्द्रनगर गाउँपालिका-३ मा रहेको ३४ कट्ठा खेतमा लगाएको उखुबारीमा ०७५ फागुन १२ गते आगलागी हुँदा करिव ३ लाख बराबरको उखु क्षति भएको छ। सोही गाउँपालिका बस्ने मिश्रीलाल महतोले खेतमा रहेको उखुको पातमा सल्केको आगो नियन्त्रण हुन नसकेकोपछि महेन्द्र महतो, ज्ञानेन्द्र महतो र उपेन्द्र साहको उखुबारीमा समेत आगो फैलिन गई सो क्षति भएको हो ।

प्रदेश नं. २ अन्तर्गत सप्तरीको सुरूङ्गा नगरपालिका-९ प्रमाणपुरस्थित मंडल टोलमा ०७५ चैत १ गते आगलगी १० घर परिवार घरवारबिहीन भएका छन् । आगलागीबाट अन्नपात, नगद, गरगहनासहितका सम्पत्ती समेत जलेर नष्ट भएको पीडितहरुले बताए । करिब ३० लाखभन्दा बढीको क्षतिको अनुमान गरिएको प्रहरीले जनायो । त्यसैगरी, सिरहाको बिष्णुपुर गाउँपालिका-३ राजपुरमा ०७५ चैत २ गते साँझ आगलागी हुँदा चारवटा घरमा क्षति पुगेको छ । चारैघरका परिवारहरु घरवारविहीन हुनुका साथै अन्नपात, लत्ताकपडा, जिन्सी समान र नगदसमेत सवै गुमाउनु परेको पीडितहरुले बताए ।

त्यसैगरी सिरहाको कल्याणपुर नपा-७ मा ०७५ चैत ८ गते बिहान आगलागीमा परि एक महिलाको मृत्यु भएको प्रहरीले जनायो । बिहान अचानक घरमा सल्केको आगोमा परी ६५ वर्षीया बनारसीदेवी सदाको जलेर मृत्यु भएको हो ।

(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं.२)

गर्मी मौसमको सुरुवातसंगै प्रदेश ५ स्थित कपिलवस्तु जिल्लाको शिवराज नगरपालिका-६ मा ०७५ चैत ७ गते आगलागी हुँदा ११ घर परिवारको धनजनको क्षति भएको स्थानीयले बताए । त्यसैगरी कपिलवस्तु नपा-४ स्थित पिपरीको एक घरमा ०७५ चैत १९ गते आगलागी हुँदा चारलाख रकम बरावरको क्षति भएको प्रहरीले जनायो ।

(१६ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं.५)

## ७ - प्रवृत्ति

- **बिगत प्रतिवेदनहरुमा उल्लेख भए झै यस अवधिमा पनि भ्रष्टाचार नियन्त्रण हुनुको साटो बढदो रुपमा देखियो । यस अवधिमा स्थानीय तहमा भ्रष्टाचारका गतिबिधि अझ बढी भएको पाईयो । जनताले प्रत्यक्ष आशा र भरोसा गर्ने स्थानीय सरकारमै भ्रष्टाचार नरोकिने अवस्था रहेमा यसले मुलुकको परिवर्तित संघीय पद्धतीप्रतिनै आम नागरिकको बिश्वास गुम्ने खतरा देखिन्छ ।**
- **भ्रष्टाचार नियन्त्रण र नियमन गर्ने संस्था अख्तियार दूरुपयोग अनुसन्धान आयोगका आयुक्तनै भ्रष्टाचारमा मुछिदा यसले आयोगको बिश्वसनीयतामाथि प्रश्न उब्जिने अवस्था सिर्जना गरेको छ । यसले आउँदा दिनमा आन्तरिक निगरानी बढाउनुपर्ने आवश्यक्तालाई समेत जोड दिएको छ । यधपी तत्कालीन आयुक्तमाथिको छानवीन र कार्वाही सकारात्मक देखिन्छ ।**
- **बिगतमा झै यस अवधिमा पनि स्वास्थ्य केन्द्रहरुमा दक्ष चिकीत्सक, औषधी र उपकरण जस्ता साधनश्रोतको अभाव रहेकोले गर्दा नागरिकको स्वास्थ्य उपचारमाथि प्रत्यक्ष असर पर्ने भएकोले संघीय, प्रदेश र स्थानीय सरकारले यसतर्फ संवेदनशील भई व्यवस्थापनमा जोड दिन अपरिहार्य छ ।**
- **फेरी पनि लैंगिक हिंसा यस त्रैमासिक अवधिको प्रमुख चिन्ताको बिषय भएको देखियो । बलात्कार र यौनजन्य हिंसाका घटनामा बढी बालबालिकाहरु पीडित हुनु चिन्ताको बिषय भएकोले सरकारबाट ठोस योजना बनाई कार्यान्वयन गरिनुका साथै सवै पक्ष गंभीर भई यसको निराकारणमा लाग्न जरुरी देखिन्छ । निरन्तर रुपमा घटिरहने यस्ता घटनाहरुमा सामान्य सुरक्षासंयन्त्रले मात्र यौनजन्य हिंसा लगायत महिला हिंसा कम नगर्ने प्रष्ट छ । यसका लागि राज्यले लैंगिक हिंसा बिरुद्ध स्थानीयस्तरमै जनचेतनामूलक अभियान चलउनुपर्ने र बिशेषगरि परिवारभित्रका र छिमेकका सदस्यमा देखिने यस्तो हिंसात्मक प्रबृत्ति बारे बुझ्न र रोक्ने उपायमा थप अनुसन्धान गर्नु पनि जरुरी देखिन्छ ।**
- **सरकारद्वारा एकातिर बिप्लव नेतृत्वको नेकपाका कार्यकर्ताहरुलाई गिरफ्तार गर्ने र कार्वाही चलाउने कार्यलाई तिव्रता दिनु र अर्कोतर्फ सो संगठनले पनि हिंसात्मक गतिबिधि बढाउने जस्ता घटनाले आउँदा दिनहरुमा द्वन्द्व अझ नबढला भन्न सकिदैन । सरकारले यस अवधिमा बिप्लव नेतृत्वको उक्त संगठनलाई प्रतिबन्ध लगाएकोले सरकार र बिप्लव नेतृत्वको नेकपाकवीचको ध्रुवीकरण अझ बढदो रुपमा देखिन थालेको छ । यसले गर्दा मुलुक पुनः द्वन्द्वतर्फ**

उन्मुख हुनसक्ने सम्भावनाको निराकरणका लागि वार्ता र सम्बादबाट समस्याको राजनीतिक समाधान खोजिन अपरिहार्य छ ।

- खोला नालामा जेसिवी लगायतका यन्त्रहरुबाट नियम विपरीत अधिक दोहन गर्ने र गैरकानुनी ढंगले निकासी गर्ने कार्यलाई रोक्न सरकारले तत्काल ध्यान दिनुपर्ने देखिन्छ । अन्यथा प्राकृतिक सम्पत्तिमाथिको अधिक दोहनले अन्य संकटासन्नको अवस्था नआउला भन्न सकिदैन । यस सम्बन्धी बिगतका प्रतिवेदन हेर्दा के बुझिन्छ भने स्थानीय राज्य संयन्त्रको आड र केही व्यक्तिहरुको राजनीतिक पहूँचको बलमा यस्तो दोहन निरन्तर भईरहेको छ, र यसलाई रोक्न सम्बन्धित निकायले अरु प्रभावकारी उपाय खोज्न ढिलो भईसकेको छ ।
- यातायातको असुविधा झेल्दै आएका कर्णाली प्रदेशका नागरिकका लागि नियमित हवाई सेवा वा अन्य प्रभावकारी बैकल्पीक सेवा सञ्चालमा ध्यान दिन आवश्यक देखिन्छ ।
- भनिन्छ ढिलो न्याय हुनु पनि अन्याय नै हो, शसस्त्र द्वन्द्वको एक दशक नाघिसक्दा समेत पटक पटक आयोग गठन भएर पनि द्वन्द्व पीडित र प्रभावितहरुले न्यायको अनुभूति गर्न नसक्नु राज्यको असफलता नै हो । तसर्थ सरकार गंभीर भई यी मुद्दाहरुमा अन्तराष्ट्रिय मापदण्ड र सन्धी अनुरुप न्याय निरुपण गरि दीगो समाधान खोजिन अपरिहार्य छ । नत्र अन्तराष्ट्रियस्तरमा नै नेपालको साख गुम्ने र बिभिन्न मञ्चहरुमा आलोचित हुने अवस्था आउन सक्छ ।
- स्थानीय तह निर्वाचनको तेश्रो वर्ष वित्न लाग्दा समेत कतिपय स्थानीय तहमा न्यायिक समिति नै गठन हुन नसक्नु र गठन भएका ठाउँमा पनि न्यायिक निरुपणका लागि मेलमिलाप केन्द्र, न्यायिक इजलास बन्न नसक्नु दुःखद पक्षका रुपमा देखियो । स्थानीय सरकारहरुले बिलासिताका साधन खरीदमा जोड दिनुभन्दा यस्ता संरचनालाई प्रभावकारी बनाईए आम नागरिकले न्यायिक अनुभूतिको राहत महशुश गर्न सक्ने थिए । तसर्थ यसतर्फ केन्द्रले पनि बिशेष ध्यान दिन आवश्यक देखिन्छ ।
- नेपालमा ठूलो संख्यामा रहेका हरुवाचरुवाहरुले अझै पनि बधुवा मजदूर सरहको जीवन यापन गर्नुपरेको जनाउँदै संगठित भई आन्दोलनरत रुपमा रहेकोले उनीहरुका सवाललाई गंभीरतापूर्वक लिई दीगो समाधान गरिनुपर्ने देखिन्छ ।
- भूकम्प पीडितले अझै सहज रुपमा राहतको अनुभूति गर्न नसकेकोले सरकारप्रति नै पीडितहरुको रोष बढदो छ । बिद्यालयको संरचना नबनिदा बालबालिकाहरु अधिक चिसो समयमा पनि खुल्ला आकास मुनि पढन बाध्य छन् । यसले सरकारी कामप्रतिनै अविश्वास बढाउने क्रम बढदो रुपमा रहेको हुँदा समाधानका लागि सरकारले बिशेष ध्यान दिनुपर्ने देखिन्छ । सिन्धुपाल्चोकमा १९ प्रभावित परिवारले गैससको सहयोगमा स्वयं पूर्ननिर्माणमा जुटनु एकातिर सकारात्मक देखिन्छ तर यसले सरकारबाट जनता निराश बन्दै गएको सन्देश पनि दिदैछ ।
- तराई तथा मधेशमा बढदो गर्मीसंगै आगजनी जस्ता प्राकृतिक बिपद्ले घरवारविहीन बन्न पुगेका पीडितहरुका लागि उचित राहत प्याकेजको व्यवस्था गरिनुका साथै बास र आवासका लागि बैकल्पीक व्यवस्था समेत गरिन आवश्यक छ । साथै यस्ता बिपद्बाट जोगिन उचित सूचना एवं जानकारीमा पनि सरकारले ध्यान दिन जरुरी देखिन्छ ।

१६ औं **EWER** त्रैमासिक प्रतिवेदन सेफरवर्ल्ड र शान्तिको लागि साझा अभियान (कोक्याप)/नेपाल मनिटर डट ओआरजीले निम्न संस्था/प्रतिनिधिहरुको सहकार्यमा तयार गरेको हो । कोशी प्रदेशमा मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह ( प्याग-नेपाल) कि यसोधा सुव्वा, प्रदेश नम्वर २ मा नेपाल मधेश फाउण्डेशन (नेमाफ) का नन्दकुमार साह, प्रदेश नम्वर ३ मा पत्रकार रुद्र पंगेनी, गण्डकी प्रदेशमा पत्रकार रामेश्वर बोहरा, प्रदेश नम्वर ५ मा मधेश मानवअधिकार गृह (माहुरी होम) का बसन्त बन्जाडे, कर्णाली प्रदेशमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय सुर्खेतका कमलराज लम्साल र सुदूरपश्चम प्रदेशमा मानवअधिकारकर्मी हेमकर्ण विकले घटनाको बिवरण संकलन र बिश्लेषणमा लिखित सहयोग गर्नुभएको छ भने,प्रतिवेदन संयोजन र सम्पादन सेफरवर्ल्डका लागि देवराज पोखरेल र अनुराग आचार्यले गर्नुभएको छ ।